# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७९।११।२९

## प्रेस विज्ञप्ति

रेडियो धनगढी तथा धनगढी खबर डटकमका संवाददाता शेरबहादुर ऐरलाई अज्ञात समुहले आक्रमण गरी घाइते बनाएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ कैलाली शाखाका अनुसार फागुन २७ गते शनिबार धनगढी उपनगरपालिका-२ स्थित रुवस होटलमा भएको कार्यक्रममा सहभागी भएर बाहिर निस्किने क्रममा राति १०:०० बजेतिर होटल प्रांगणमै पत्रकार ऐरमाथि आक्रमण भएको थियो ।

कुनै पनि बहानामा पत्रकारमाथि आक्रमण हुनु प्रेस स्वतन्त्रतामाथिको आक्रमण हो । प्रेस स्वतन्त्रतामाथि हुने सबैखाले आक्रमणका घटनाको कडा शब्दमा भर्त्सना गर्दै महासंघ यस्ता घटनामा संलग्नको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन र पत्रकारलाई निर्वाध र सुरक्षित रूपमा काम गर्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org